# बन्दिपुर गाउँपालिका

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

**खण्डः ४ संख्याः २२ मितिः २०७७/१२/२५**

**भाग २**

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

## साना सिंचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः** बन्दीपुर गाउँपालिका भित्र खेतीयोग्य जमिनहरूमा सिंचाई संरचनाहरुको निर्माण, मर्मत सम्भार तथा आधुनिक सिंचाई प्रविधिहरुको प्रयोग र विस्तार गरी सिंचाईको सुबिधा सुनिश्चित गर्न तथा सिंचित क्षेत्रको विस्तार गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि साना सिंचाई कार्यक्रम संचालन गर्न "कृषि तथा पशुपालन सम्बन्धि ऐन, २०७५" को दफा १९ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "साना सिँचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहने छ।

(२) यो कार्यविधि बन्दीपुर गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** (१) बिषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्नेछ ।

(ख) "साना सिंचाई कार्यक्रम" भन्नाले कुलो, सिमेन्ट पोखरी, प्लाष्टिक पोखरी, ट्याङ्की, वोरिङ्ग, पाईप विस्तार, लिफ्टिङ्ग, ईनार, साना बाँध आदिको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यक्रम सम्झनुपर्नेछ ।

(ग) "शाखा" भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) "कार्यविधि" भन्नाले "साना सिँचाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" सम्झनुपर्नेछ ।

(ङ) "आवेदक" भन्नाले साना सिँचाई कार्यक्रम सञ्चालन गर्न आबेदन दिएका कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा जल उपभोक्ता समितिलाई सम्झनु पर्नेछ ।

**परिच्छेद-२**

**कार्यक्रम संचालन**

३. **कार्यक्रम सञ्चालन गर्ने शाखा:** (१) यो कार्यक्रम बन्दीपुर कार्यालयको शाखाबाट सञ्चालन हुनेछ ।

४. **प्रस्ताव माग गर्ने :** (१) शाखाले साना सिँचाई कार्यक्रम सञ्चालनको लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदकले अनुसुची-१ बमोजिमको ढाँचामा शाखामा प्रस्ताव पेश गर्न सक्नेछन् ।

(३) साना सिँचाई कार्यक्रमबाट सिचिंत हुने जग्गाको क्षेत्रफल कम्तिमा १० रोपनी हुनुपर्नेछ ।

५. **कार्यक्रममा सहभागी हुन सक्ने:**(१) यो कार्यक्रममा कृषिसँग समूह, कृषि सहकारी संस्था, उपभोक्ता समूह वा आधिकारिक रुपमा दर्ता भएका जल उपभोक्ता समितिहरु सहभागी हुन सक्नेछन् ।

(२) यो कार्यक्रम अन्तर्गत निर्माण कार्य लाभग्राही आँफैले गर्नुपर्नेछ ।

६. **लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने:** (१) गाउँपालिकाको कृषि प्राविधिकको सँगको समन्वयमा गाउँपालिकाका प्राविधिकबाट लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**परिच्छेद-३**

**छनोट तथा सम्झौता**

७. **लाभग्राही कृषक छनोट समिति:** (१) साना सिँचाई कार्यक्रमकको लाभग्राही छनोटको लागि गाउँपालिकामा एक छनोट समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासाकिय अधिकृत | - संयोजक |
| प्राविधिक शाखा प्रमुख | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य |
| कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

(२) छनोट समितिले अनुसुची- २ का मूल्याङ्कनका आधारमा रही लाभग्राही छनोट गर्नेछ ।

८. **सम्झौता:** (१) मूल्यांकन भइ छनौट भएका लाभग्राहीरुलाई कार्यालयले सार्बजनिक सूचना प्रकाशन गरि सम्झौताको लागि आह्वान गर्नेछ ।

(२) लाभग्राहीले कार्यालयबाट तोकिए बमोजिको ढाँचामा कार्यालयसँग सम्झौता गर्नेछन ।

**परिच्छेद- ४**

**लागत साझेदारीको सीमा**

९. **लागत साझेदारी:** (१) कार्यालयले एक आर्थिक बर्षमा कुनै एक कार्यक्रमको लागि कुल लागत अनुमानको अधिकतम ७० प्रतिशतसम्म लागत साझेदारी गर्नेछ र लागत साझेदारीको अधिकतम सीमा रू. २ लाख सम्म हुनेछ ।

**परिच्छेद- ५**

**अनुगमन, मूल्याङ्कन र भुक्तानीको प्रक्रिया**

**१०. गाउँपालिकाले उपभोक्ता समितिबाट सञ्चालन गर्ने योजनाको लागि तोकिएको बिधि अवलम्वन गरिने:** (१) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र भुक्तानीको बिधि गाउँपालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने योजनाहरूको लागि तोकिए सरह हुनेछ।

**परिच्छेद- ६**

**विविध**

**११. संशोधन वा हेरफेर:** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**१२. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

✿ ✿ ✿

**अनुसूची १**

**(दफा ४(२) सँग सम्बन्धित)**

**साना सिँचाई कार्यक्रमको लागि प्रस्ताव**

मिति :-

श्रीमान्, कृषि विकास शाखा प्रमुख ज्यू,
बन्दीपुर गाउँपालिका,
बन्दीपुर, तनहुँ।

बिषयः- साना सिँचाई कार्यक्रमको लागि प्रस्ताव पेश गरेको सम्बन्धमा।

प्रश्तुत बिषयमा बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखाबाट मिति.........................मा साना सिँचाई कार्यक्रमको लागि प्रकाशित सूचना बमोजिम उक्त कार्यक्रम सञ्चालन गर्नको लागि तपसिलका कागजात यसैसाथ संलग्न गरि प्रस्ताव सहित पेश गरेका छौँ। उक्त कार्यक्रममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछौँ।

निवेदक
हस्ताक्षरः-
पदः-
समिति/समूहको नाम र छापः-

## साना सिँचाई कार्यक्रमको लागि प्रस्ताव

**१. प्रश्तावित आयोजनाको विवरण**

१.१ आयोजनाको नामः-

१.२ आयोजनाको किसिमः-

क) नयाँ निर्माण

ख) पुरानो स्तरोन्नति

ग) पुरानो विस्तार

घ) अन्य

१.३ समूहको नामः-

१.४ ठेगानाः-

१.५ जम्मा सदस्य संख्याः-

१.६ संस्था समूह दर्ता नं.:- दर्ता मितिः-

१.७ योजनाले लाभान्वित हुने क्षेत्रः- आयोजनाले प्रभावित हुने जनसंख्याः-

१.८ योजनाले लाभान्वित हुने कुल क्षेत्रफलः-

**२. उपभोक्ता/निवेदकको विवरण**

| क्र.स. | उपभोक्ताको नामथर | ठेगाना | प्रतिनिधित्व गरेको क्षेत्र | घरधुरी संख्या | कित्ता नं. | क्षेत्रफल रोपनीमा | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

**३. मर्मत सम्भार वा निर्माण कार्यको विवरण**

| क्र.स | कामको विवरण | इकाई | परिमाण | अनुमानित लागत रू. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**४. आयोजना स्थलको विवरण**

**अनुसुची- २**

**(दफा ७(२) सँग सम्बन्धित)**

**मूल्याङ्कनका आधारहरू**

| **क्र.स.** | **मूल्याङ्कनका आधार** | **अंक** |
|---|---|---|
| **१** | **सिंचाईका लागि अनुदान ग्राहीको प्रकार** | **१०** |
| क | कृषक समूह | १० |
| ख | कृषि सहकारी | १० |
| ग | उपभोक्ता समूह | ५ |
| घ | कृषि व्यवसायी | ५ |
| **२** | **सिंचित हुने क्षेत्रफल** | **३०** |
| क | १० रोपनीको लागि १५ अंक र थप क्षेत्रफलका लागि प्रति रोपनी ०.५ अंकका दरले अधिकतम ३० अंकसम्म | ३० |
| **३** | **लाभान्वित घरधुरी संख्या** | **२०** |
| क | २५ भन्दा बढी घरधुरी | २० |
| ख | १५ देखि २५ घरधुरी | १५ |
| ग | १५ भन्दा कम घरधुरी | १० |
| **४** | **निर्माण हुने सिंचाई संरचनाको स्थिति** | **२०** |
| क | सिंचाईको सुविधा नभएको जग्गामा नयाँ सिंचाई संरचना निर्माण | २० |
| ख | बाढी/ पहिरो/डुवान जस्ता प्राकृतिक प्रकोपबाट प्रभावित सिंचाई संरचना | १५ |
| ग | पुरानो सिंचाई संरचनाको मर्मत सम्भार | १० |
| | **जम्मा:** | ८० |

**आज्ञाले**
**महेश सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**